# प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई संशोधन गर्न बनेको नियमावली, २०७५

प्रस्तावनाः प्रदेश सरकारको प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ लाई लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ प्रदेश सरकारले यो नियमावली बनएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो नियमावलीको नाम "प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन (पहिलो संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली प्रदेश सरकारले स्वीकृत गरी प्रमाणीकरण भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (५) मा संशोधनः</u> मूल नियमावलीको नियम ७ को उपनियम (५) को सट्टा देहाएको उपनियम (५) राखिएका छः-

(५) उपदफा (४) बमोजिमको विवरणको आधारमा समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी अनुसूची -३ बमोजिमको वार्षिक कार्यक्रमको ढाँचासमेत संलग्न गरी आयोजना छनौट भएको दश दिन भित्र मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउनु पर्नेछ ।

३. <u>मूल नियमावलीको नियम ९ को उपनियम (१) मा संशोधनः</u> मूल नियमावलीको नियम ९ को उपनियम (१) मा रहेको "स्थानीय तहमा" भन्ने शब्दहरु पछि "लेखी" भन्ने शब्द थपिएको छ ।

४. <u>मूल नियमावलीको नियम १० को उपनियम (१) मा संशोधनः</u> मूल नियमावलीको नियम १० को उपनियम (१) को सट्टा देहाएको उपनियम (१) राखिएका छः-

सचिव

(१) अर्थ मन्त्रालयले सशर्त अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी निश्चित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

५.<u>मूल नियमावलीको नियम १५ को उपनियम (१) मा संशोधनः</u> मूल नियमावलीको नियम १५ को उपनियम (१) को सट्टा देहाएको उपनियम (१) राखिएका छः-

(१) कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन तयार गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा कूल रकमको एक प्रतिशतले हुने रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ । यसरी जिल्ला समन्वय समितिलाई उपलब्ध गराइने रकम जिल्ला समन्वय समिति रहेको स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ । सो रकम सम्बन्धित स्थानीय तहले जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

६. <u>रुपान्तरणः</u> मूल नियमावलीको विभिन्न नियम तथा उपनियममा रहेको "सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्ने शब्दहरुको सट्टा "प्रदेश लेखा नियन्त्रक कार्यालय" र "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरु राखिएको छ ।

सचिव

(तीन महले)

प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ मा संशोधन

| क्र.स. | सम्बन्धित नियमावलीको नियम नं. | साविकको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | नियम ७ को उपनियम (५) | उपदफा(४) बमोजिमको विवरणको आधारमा समितिले अनुसूची-२बमोजिमको ढाँचामा विवरण तयार गरी आयोजना छनौट भएको दश दिन भित्र मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउनु पर्नेछ। | उपदफा(४) बमोजिमको विवरणको आधारमा समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी अनुसूची -३ बमोजिमको वार्षिक कार्यक्रमको ढाँचासमेत संलग्न गरी आयोजना छनौट भएको दश दिन भित्र मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउनु पर्नेछ। | अनुसूचीमा वार्षिक कार्यक्रमको विस्तृत विवरण समावेश गर्न निश्चित ढाँचा तोकिएको । |
| २ | नियम ९ को उपनियम (१) | नभएको | लेखी | नियमको भाषा स्पष्ट गर्न शब्द थपिएको । |
| ३ | नियम १० को उपनियम (१) | अर्थ मन्त्रालयले सशर्त अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी निश्चित रकम सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित स्थानीय तहमा निकासाको व्यवस्था मिलाउनु | अर्थ मन्त्रालयले सशर्त अनुदानको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी निश्चित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ । | अर्थ मन्त्रालयबाट स्थानीय तहमा पठाउनुपर्ने रकमको सम्बन्धमा स्पष्ट गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फन वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | पर्नेछ । | | |
| ४ | नियम १५ को उपनियम (१) | कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन तयार गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई कूल रकमको एक प्रतिशतले हुन आउने रकम दुई किस्तामा सोझै जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ । | कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन तयार गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रुपमा कूल रकमको एक प्रतिशतले हुने रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ । यसरी जिल्ला समन्वय समितिलाई उपलब्ध गराइने रकम जिल्ला समन्वय समिति रहेको स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ । सो रकम सम्बन्धित स्थानीय तहले जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ । | प्रशासनिक खर्चको रुपमा कूल रकमको एक प्रतिशतले हुन आउने रकम जिल्ला समन्वय समितिमा पठाउन स्पष्ट व्यवस्था गरिएको । |
| ५ | रुपान्तरण | सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्राल भन्ने शब्दहरु रहेको । | प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालय भन्ने शब्दहरु राखिएको । | प्रदेशको बजेट निकासी तथा खर्च भुक्तानीको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने भएकोल र प्रदेशको अर्थ सम्बन्धि विषय हेर्ने मन्त्रालयको नाम आर्थिक मामिला तथा योजना मन्त्रालय रहेको । |